## छलफल तथा निर्णयहरु

१. पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को आधारपत्र तयारीसम्बन्धी बाँकी कार्य सम्पन्न गर्ने सम्बन्धमा बैठकमा प्रस्तावित काठमाडौंमा मिति २०७५/११/२२ वा २३ मा राजनीतिक दलका प्रतिनिधि, विषय क्षेत्रगत विज्ञ, प्राज्ञिक वर्ग, निजी, सहकारी, गैह्रसरकारी र आमसंचार क्षेत्रका प्रतिनिधि सहितको केन्द्रीय परामर्श तथा अन्तर्क्रिया कार्यक्रम गर्ने सहितको संक्षिप्त कार्ययोजना स्वीकृत गर्ने।

२. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट माग भई आएको 'प्रगन्ना तथा बड्कापथ सिंचाई आयोजना' लाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सिफारिस गर्ने सम्बन्धमा सम्बन्धित विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यस्तरबाटै आवश्यक निर्णय गरी पठाउने।

३. पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्ताव भएको 'राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५' सम्बन्धमा बैठकमा प्राप्त सुझावहरुलाई समेटी परिमार्जन सहित स्वीकृत गर्ने। साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै मन्त्रालयहरु लाई यसको जानकारी पठाउने।

४. पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को आधारपत्र (प्रारम्भिक मस्यौदा) उपर सातवटै प्रदेशमा मिति २०७५ माघ १६ देखि २९ सम्ममा सम्पन्न प्रदेशस्तरीय परामर्श बैठकबाट प्राप्त भएका राय/सुझावहरु समेटी मस्यौदालाई परिमार्जन गर्ने। साथै, उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा सहजीकरण, समन्वय र उत्साहपूर्वक सहभागिता जनाउनु भएकोमा प्रदेश सरकार, प्रदेश समन्वय परिषद्का पदाधिकारीहरु, प्रदेश नीति तथा योजना आयोग र सहभागी सबैलाई धन्यवाद प्रदान गर्ने।

५. पूर्वाधार तथा उत्पादन महाशाखाबाट तयार गरिएको 'कृषि (सिंचित र सिंचाइ योग्य) भू-उपयोग कार्ययोजना' कार्यान्वयनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पठाउन स्वीकृति प्रदान गर्ने।